मिति : २०६५/०३/०५

# सञ्चारिका समूहको नयाँ सदस्यताका लागि आवेदन खुला गरिएको सूचना

विभिन्न सञ्चारमाध्यममा कार्यरत पत्रकार महिला तथा सञ्चारकर्मीहरूको साझा संस्था सञ्चारिका समूहले नयाँ सदस्यताका लागि यही २०६५ असार १९ गतेसम्म आवेदन फर्म भर्ने म्याद खुला गरेको व्यहोरा सबैलाई जानकारी गराउँदछौं ।

राजनीतिक, आर्थिक, सामाजिक, महिला समानता, मानव हकअधिकारका जुनसुकै विषयमा समाचार सम्प्रेषण तथा कार्यक्रम उत्पादन गरिरहेका पत्रकार महिला र नियमित रूपमा छापा माध्यममा स्तम्भ लेखिरहेका महिलाहरूले यस संस्थाको सदस्यता लिन सक्ने कुरा पनि अवगत गराउँदछौं । सदस्यताका लागि फर्म भर्न पत्रकार महिलाहरूले आफ्नो व्यक्तिगत विवरण र तीन वर्ष काम गरेको प्रमाण खुल्ने विवरणसमेत पेस गर्नुहुन अनुरोध गर्दछौं । जस्तै छापा माध्यममा काम गरेको हो भने आफ्नो नाममा प्रकाशित समाचार, फिचर तथा लेख र रेडियो वा टेलिभिजनमा काम गरेको हो भने तीनवटा कार्यक्रमको सीडी पेस गर्न अनुरोध गर्दछौं । त्यसैगरी, आफूले काम गर्ने सञ्चारमाध्यमका प्रमुख वा समाचार संयोजकले आफू उक्त संस्थामा काम गरेको प्रमाणित गरेको कागजात पेस गरेमा सदस्यता वितरण गर्न अझ बढी सरल हुने जानकारी गराउँदछौं । यसरी नियम पुगेका आवेदकको फर्म सञ्चारिका समूहको यही असार २० गते बस्ने कार्यसमितिले स्वीकृत गर्नेछ । उक्त आवेदन स्वीकृत भए/नभएको जानकारीका लागि समूहको कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं । स्वीकृत भएका नयाँ सदस्यले सञ्चारिका समूहको आउँदो २३ गते हुने वार्षिक साधारणसभामा सहभागी हुन पाउनेछन् ।

**आवेदन फर्म भर्दा बुझाउनुपर्ने कागजातहरू : –**

- पत्रकारितामा तीन वर्षको अनुभवको प्रमाण
- यदि रेडियो वा टेलिभिजनमा काम गरेको भए समाचार संवाददाता वा समाचारमूलक कार्यक्रम सञ्चालन गरेको हुनुपर्ने
- व्यक्तिगत विवरण र कार्य-विवरण
- पत्रिकामा काम गरेको भए आफ्नो छापिएको समाचार वा लेखको ३ प्रति फोटोकपी र रेडियो वा टेलिभिजनमा काम गरेको भए ३ प्रति समाचार वा कार्यक्रमका सीडी उपलब्ध गराउनुपर्नेछ ।

भवदीय

निर्मला शर्मा
महासचिव

नोट : सदस्यता आवेदन फर्मका लागि सञ्चारिका समूहको कार्यालय, एकान्तकुनामा सम्पर्क गर्नुहोला । **Tel : +977-1-5538549, +977-1-5546715**

SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS FORUM

# Sancharika Samuha

WOMEN COMMUNICATORS' FORUM

*Promoting Communication for Equality*

## सदस्यता फाराम
## साधारण / आ - जीवन

नाम : ______________________________

ठेगाना : ______________________________

पत्राचार गर्ने ठेगाना : ______________________________

टेलिफोन नं. : अफिस : ______________ घर : ______________

आफू संलग्न संस्था : ______________________________

पद : ______________________________

लेख्ने/कार्यक्रम गर्ने विषय : ______________________________

______________________________

______________________________

निवेदकको हस्ताक्षर : ______________ मिति : ______________

नयाँ सदस्यहरुले व्यक्तिगत विवरण र पासपोर्ट साइजको फोटो २ प्रति निवेदनको साथ संलग्न गर्नु पर्ने छ ।

साधारण सदस्यता दस्तुर : प्रवेश शुल्क : २००/- वार्षिक शुल्क : ५१/-

आ-जीवन सदस्य : प्रवेश शुल्क : ५१/- आ-जीवन शुल्क : ५०००/-

सदस्यताको लागि योग्यता :

संचार क्षेत्रमा कम्तिमा ३ वर्षदेखि संलग्न रहेको, संस्थाको उद्देश्य अनुरुपको विषयमा दक्षता भएको तथा उद्देश्य अनुरुप कार्य गर्न इच्छुक महिला यस संस्थाको सदस्य बन्न योग्य मानिने छन् ।